# यौनजन्य हिंसा विरुद्धका केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावनाः यौनजन्य हिंसा विरुद्धका केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "यौनजन्य हिंसा विरुद्धका केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ मा संशोधनः विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को,-

(१) दफा ४७ को,-

(क) उपदफा (१) मा रहेका "महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने" भन्ने शब्दहरू झिकिएका छन्।

(ख) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) कप्यूटर, इन्टरनेट लगायतका विद्युतीय माध्यमबाट महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रूपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।"

(२) दफा ७४ को सट्टा देहायको दफा ७४ राखिएको छः-

**७४. उजूर गर्ने हदम्यादः** दफा ४७ को उपदफा (३) बमोजिमको कसूरमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले नब्बे दिनभित्र र यस ऐन बमोजिम अन्य कसूर ठहर्ने कुनै कार्य भकोमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको उल्लङ्घन भएकोमा त्यस्तो कसूर भए गरेको वा उल्लङ्घन भएको थाहा पाएको मितिले पैंतीस दिनभित्र उजूर गर्नु पर्नेछ।

३. घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा संशोधनः घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६को,-

नेपाल कानून आयोग (प्रामाणिक मस्यौदा)

(१) दफा ४ को ठाउँठाउँमा रहेका "स्थानीय तह" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहको न्यायिक समिति" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा १४ मा रहेका "नब्बे दिनभित्र" भन्ने शब्दहरूको सट्टा "छ महिनाभित्र" भन्ने शब्दहरू राखिएका छन्।

४. <u>कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ मा संशोधन</u>ः कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ को,-

(१) दफा ६ को उपदफा (१) मा रहेका "पन्ध्र दिनभित्र" भन्ने शब्दहरूको सट्टा "नब्बे दिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ७ को उपदफा (१) मा रहेका "नब्बे दिनभित्र" भन्ने शब्दहरूको सट्टा "छ महिनाभित्र" भन्ने शब्दहरू राखिएका छन्।

५. <u>मुलुकी अपराध संहिता, २०७४ मा संशोधन</u>ः मुलुकी अपराध संहिता, २०७४ को दफा २२९ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) दफा २१९, २२१, २२२, २२३, २२४, २२५, २२६ को उपदफा (३) र दफा २२७क. को उपदफा (१) अन्तर्गतको कसूर मानसिक सन्तुलन ठिक नभएको वा होस ठेगानमा नरहेको व्यक्ति विरूद्ध भएकोमा वा त्यस्तो कसूरको कारणले मानसिक सन्तुलन ठिक नभएको वा होस ठेगानमा नरहेको र सो सम्बन्धमा अन्य कसैले उजुर नदिएको भएमा मानसिक सन्तुलन ठिक भएको वा होस ठेगानमा आएको मितिबाट उपदफा (२) बमोजिमको अवधि नाघेपछि उजुर लाग्ने छैन।"

६. <u>बालबालिका सम्बन्धी ऐन, २०७५ मा संशोधन</u>ः बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७४ को,-

(१) उपदफा (१) मा रहेका "एक वर्षभित्र" भन्ने शब्दहरुको सट्टा "तीन वर्षभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "एक वर्षसम्म" भन्ने शब्दहरुको सट्टा "तीन वर्षसम्म" भन्ने शब्दहरु राखिएका छन्।

नेपाल कानून आयोग (प्रामाणिक मस्यौदा)